जि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ७८ २०८१ साल कात्तिक २ गते शुक्रबार (18 Oct. 2024 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : 'वीरगञ्ज नाकाबाट हुने… ३ पृष्ठमा : 'रासस नेपाल भाषा … ३ पृष्ठमा : भारतमा विषाक्त मदिरा सेवन …




# गौशाला धर्मशालाको विवाद सम्बन्धमा मारवाडी समुदायद्वारा सप्तरीमा प्रर्दशनसहित प्रधानमन्त्रीलाई ज्ञापनपत्र



**दैनिक समाचारदाता राजविराज, १ कात्तिक ।**

बलपुर्वक मारवाडी सेवा समितिद्वारा संचालित काठमाडौस्थित पशुपती गौशाला धर्मशालामा महानगर प्रहरीद्वारा हस्तक्षेप गरिएको भन्दै सप्तरीका मारवाडी समुदाय आन्दोलित भएका छन ।

विहीवार सप्तरी सदरमुकाम राजविराजमा प्रर्दशन र प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाउँदै मारवाडी समुदायले मुद्दाको अन्तिम किनारा नलाग्दै पशुपती गौशाला धर्मशालामा काठमाडौ महानगरपालिका मार्फत नगर प्रहरी प्रवेश गराएर द्वन्द्व निम्त्याउने प्रयास गरिएको भन्दै उक्त कार्य अविलम्ब रोक्न माग गरेका छन ।

मारवाडी सेवा समिति सप्तरीका महासचिव बैजनाथ जोशीको अगुवाईमा प्रमुख जिल्ला अधिकारी मेख बहादुर मंग्रातीमार्फत प्रधानमन्त्रीलाई पठाइएको ज्ञापनपत्रमा गौशाला धर्मशाला मारवाडी सेवा समितिलाई नै संचालनको जिम्मेवारी दिनु पर्ने माग गरिएको छ ।

ज्ञापन पत्रमा ८४ वर्ष पूर्व तत्कालिन प्रधानमन्त्री श्री ३ जुद्ध शम्मशेरले मारवाडी समुदायलाई उक्त जग्गा सेवा संचालनका लागी उपलब्ध गराएको दाबीका साथ २०६० साल जेठ १२ गते मारवाडी सेवा समितिले पशुपती विकास कोष सित धर्मशाला संचालन सम्बन्धमा सम्झौता गरेको उल्लेख छ । तर, अहिले आएर कोषले एकतर्फी रुपमा सो सम्झौता खारेज गरीदिएको भन्दै ज्ञापनपत्र माफर्त तिब्र असन्तुष्टि ब्यक्त गरिएको छ ।

उक्त विवाद सम्बन्धमा काठमाडौ जिल्ला अदालतबाट भएको आदेश तथा सो उपर उच्च अदालतमा पुनरावेदन गर्न पाउने अधिकार सुरक्षित रहेको अवस्थामा पशुपती क्षेत्र विकास कोषले अधिकारको दुरुपयोग गरी काठमाडौ महानगरपालिकासँग मिलेर विना कुनै लिखित जानकारी बल प्रयोग गर्दै धर्मशालामा गैरकानुनी ढंगले कब्जा जमाएको ज्ञापन पत्रमा उल्लेख छ ।

गौशाला धर्मशालाको स्थापना कालदेखी नै मानवीय सेवाहरु समेत निशुल्करुपमा संचालन हुदै आएको र यसबाट अहिलेसम्म लाखौ ब्यक्ती लाभान्वित भएको जनाउदै ज्ञापन पत्रमा गौशाला धर्मशालाको आम्दानी कुनै मारवाडी ब्यक्तीगत अथवा संस्थागत रुपमा नलिएको उल्लेख गरिएको छ ।

जिल्ला अदालतको फैसलाको पुर्णपाठ आएपछि उच्च अदालतमा मुद्दा गर्ने म्याद कायमै रहेको अवस्थामा पशुपती विकास कोष र काठमाडौं महानगरपालिकाले गरेको हस्तक्षेपलाई तत्काल रोक्न आवश्यक पहलका लागी ज्ञापन पत्रमार्फत प्रधानमन्त्री संग माग गरीएको छ ।

ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी मग्रातिले तत्कालै उक्त ज्ञापन पत्र प्रंधानमन्त्रीको कार्यालयमा पठाउने प्रतिबद्धता जनाएका थिए ।

सो अवसरमा नागरिक समाजका अध्यक्ष थानसिह भन्साली, उधोग बाणिज्य संघका कोषाध्यक्ष प्रमोद काबरा, उधोग बाणिज्य संघका पुर्व अध्यक्ष मनोज मुन्धडा, मारवाडी युवा मञ्चका केन्द्रीय सदस्य विसान्त जैन, तेरापन्थ सभाका प्रदिप तातेडका साथै युवा व्यवसायी सुशिल काबरा, मनिष दुगड लगायतको उपस्थिती रहेको थियो ।

# आयोगद्वारा नेपाली नागरिकता त्याग गर्नेको विवरण माग

**दैनिक समाचारदाता राजविराज, १ कात्तिक ।**

निर्वाचन आयोगले गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिको उक्त नागरिकता प्राप्त गर्नु पूर्वको नेपाली नागरिकता त्याग गरिएको विवरण गृह मन्त्रालयमार्फत माग गरेको छ ।

आयोगको बिहीबारको बैठकले स्थानीय तह उपनिर्वाचनको मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनका लागि गैर-आवासीय नेपाली नागरिकता लिएका व्यक्तिको साबिकको नागरिकता त्यागको विवरण माग गरेको हो ।

ऐन बमोजिम नागरिकता त्याग गरेको विवरण जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको आयोगका प्रवक्ता नारायणप्रसाद सापकोटाले जानकारी दिनुभयो । गैरआवासीय नेपाली नागरिकता लिन चाहने व्यक्तिले साबिकमा नेपालको नागरिकता लिएको भए सो नागरिकता त्याग गरेको प्रमाण पेस गर्नुपर्ने व्यवस्था छ ।

आयोगले उक्त व्यवस्थाअनुरुप गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्नुपूर्वको सम्बन्धित व्यक्तिको नेपाली नागरिकता त्यागको विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालयले जिल्ला निर्वाचन कार्यालयमा यही कातिक ५ गतेभित्र उपलब्ध

*बाँकी अन्तिम पृष्ठमा*

# डाक्नेश्वरी नगरपालिकाको बेथिति विरुद्ध काँग्रेसको प्रदर्शन



**दैनिक समाचारदाता राजविराज, १ कात्तिक ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाका बेथिति विरुद्ध बिहीबार नेपाली काँग्रेस डाक्नेश्वरीको अगुवाईमा विभिन्न पार्टीका नेता तथा कार्यकर्ताहरुले प्रदर्शन गरेका छन् ।

नेपाली काँग्रेसका नगर कार्यसमिति सभापति नारायण यादवको नेतृत्वमा नगरपालिकामा देखिएको बेथिति विरुद्ध ९ बुँदे माग सहित प्रदर्शन गरिएको हो ।

भ्रष्टाचार संस्थागत गर्न ल्याएका निमित्त प्रमुख प्रशासकीय अधिकृत फिर्ता गर, जनप्रतिनिधिहरुको छोरा छोरी ज्वाईलाई नियुक्ति गर्न काम बन्द गर, नगरपालिकाको कोष लाई दुरुपयोग गर्ने लेखापाल तथा कर्मचारीलाई कारवाही गर, पालिकाको श्रोत साधन दुरुपयोग गर्ने मेयरको सम्पति छानवीन गर

*बाँकी दुई पृष्ठमा*

# महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेस गर्न आयोगको निर्देशन

**दैनिक समाचारदाता राजविराज, १ कात्तिक ।**

निर्वाचन आयोगले आगामी मङ्सिर १६ गते हुने स्थानीय तहको उपनिर्वाचनमा उम्मेदवारी दिने राजनीतिक दललाई महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेस गर्न निर्देशन दिएको छ ।

स्थानीय तह उपनिर्वाचनमा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष, नगरपालिकाको प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख पदमा उम्मेदवार मनोनयन पत्र पेस गर्दा उम्मेदवारी दिने राजनीतिक दलले महिला उम्मेदवार रहनेगरी मनोनयन पत्र पेस गर्न निर्देशन दिएको आयोगका प्रवक्ता नारायणप्रसाद सापकोटाले बताए ।

सो उपनिर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएका राजनीतिक दललाई स्थानीय तह निर्वाचन ऐनबमोजिम निर्देशन दिइएको उनले स्पष्ट पारे ।

## मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम वढाउछ ।

त्यसैले मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य (ग्लुकोज) परिकार कम खाऔं,
- पेय पदार्थ, जंक फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाब व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परिक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अभिभावक जिम्मेवार बन्नु आवश्यक

आधुनिक युगका बालबालिकाहरु जन्मदै डिजिटल प्रविधिप्रति बढी आकर्षित भएको देखिन्छन् । उनीहरु मोवाइल, टिभिमा बढी ध्यानकेन्द्रित गरेको देखिन्छ । अभिभावकहरु पनि बच्चालाई मोवाइल, टिभि हेर्न दिएर आफ्नो काम गर्नतर्फ लाग्छन् । जसले गर्दा बालबालिकाहरु एकहोरो भइरहेका छन् । अभिभावकहरुबाट पाउनुपर्ने माया नपाउँदा एकहोरो भइरहेका छन् । बालबालिकाहरु पढाई भन्दा बढी डिजिटलप्रेमी बन्दै गएका छन् ।

यस्ता गतिविधीले बालबालिकाहरुको पढाईमा समेत असर परिरहेको छ । त्यसबोहक बालबालिकाहरु चिडचिडा समेत भइरहेका हुन्छन । अभिभावकले घरमै पढाउन ध्यान दिननसक्नुले पनि उनीहरुको पढाईबाट रुची घट्नु स्वभाविकै हो । अभिभावक जिम्मेबार नबन्दा उनीहरु कुलतमा फस्ने गरेका छन् । प्रहरीको तथ्याङ्क अनुसार लागुऔषधको लतमा फस्ने मध्ये बढी कलिला उमेरका बालबालिकाहरु छन् । यस्ता कार्यप्रति विशेष सहकर्ता अपनाउनु आवश्यक छ । विद्यालय पश्चात् घर फर्केपछि बालबालिकाप्रति अभिभावकहरु जिम्मेवार रुपमा प्रस्तुत हुनु आवश्यक छ ।

तसर्थ अभिभावकहरुले आफ्ना बालबालिकालाई कुनै पनि बहानामा एकहोरो छोड्नु हुदैन् । सक्दो आफ्नो कामबाट केही समय विश्राम लिएर पनि बालबालिकाहरुलाई समय दिनेतर्फ अग्रसर हुनु जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘वीरगञ्ज नाकाबाट हुने आयात लयमा फर्कियो, व्यापार र उद्योग अझै फर्किएन’

**हिमाल लम्साल**

पर्सा, १ कात्तिक (रासस) ।

मधेस आन्दोलनको क्रममा भएको वीरगञ्ज भन्सार लक्षित धर्ना र भारतीय अघोषित नाकाबन्दीले वीरगञ्जका दुईवटा भन्सार नाकाबाट हुने आयातमा निकै ठूलो सङ्कुचन देखापर्‍यो । यहाँका दुई भन्सार नाकाबाट हुने आयात आव २०७२/७३ मा ३५ प्रतिशतको हाराहारीमा खुम्चिएको थियो ।

भन्सार विभागको आव २०७२/७३ को तथ्याङ्कअनुसार कुल सात खर्ब ७४ अर्ब ७१ करोड मूल्य बराबरको वस्तु तथा सामान आयात भएर नेपाल भित्रिएको थियो । सो वर्ष असोजदेखि माघसम्म चलेको मधेस आन्दोलन र अघोषित नाकाबन्दीको कारणले कुल आयातमा वीरगञ्ज भन्सार कार्यालयको हिस्सा २३ दशमलव ५० र यहाँकै अर्को सुक्खा बन्दरगाह भन्सार कार्यालयको हिस्सा भने १२ दशमलव २३ प्रतिशत रह्‍यो ।

आन्दोलनका कारणले नाका बन्द भएसँगै यहाँबाट हुने आयात मात्रै खुम्चिएन, यहाँबाट हुने आयात पनि भैरहवा भन्सार कार्यालयतर्फ सरेको थियो । सोही वर्ष भैरहवा भन्सार कार्यालयबाट कुल आयातको २४ दशमलव ०७ अर्थात रु एक खर्ब ८६ अर्ब ४८ करोड मूल्य पर्ने वस्तु तथा सामान भित्रिएको थियो ।

संविधान जारी भएको नौ वर्षपछि भने वीरगञ्ज भन्सार कार्यालय हुँदै आउने कुल आयातको सामानमा भने फेरि पहिलाकै जस्तै गुल्जार देखिएको छ । अहिले वीरगञ्जका दुई ठूला भन्सार नाकाबाट कुल आयातको झन्डै ५० प्रतिशतको हाराहारीमा वस्तु तथा सामान आयात हुँदै आइरहेको छ ।

मधेस आन्दोलन र नाकाबन्दीले आयातमा खुम्चिएको वीरगञ्ज भन्सार र सुक्खा बन्दरगाह भन्सारबाट आव २०८०/८१ मा आइपुग्दा कुल रु १५ खर्ब ९२ अर्ब आठ करोडको आयातमध्ये वीरगञ्ज भन्सारको योगदान ३४ दशमलव ३० प्रतिशत र सुक्खा बन्दरगाहको योगदान १२ दशमलव ७८ रहेको छ । कुल आयातमा भैरहवा भन्सार कार्यालयको योगदान भने १५ दशमलव २३ प्रतिशत रहेको छ ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले संविधान जारी भएसँगै भएको मधेस आन्दोलन र अघोषित नाकाबन्दीपछि आयात पुरानै लयमा फर्किए पनि उद्योग र व्यापार व्यवसायमा सुधार नआएको बताउनुभयो । “वीरगञ्जमा सुविधासम्पन्न सुक्खा बन्दरगाहा र एकीकृत जाँचचौकीलगायत पूर्वाधारका कारणले यहाँबाट हुने आयात पुरानै अवस्थामा फर्किसकेको छ,” उहाँले भन्नुभयो, “संविधान जारी भएसँगै भएको आन्दोलनको कारणले विस्थापित भएका उद्योगी, व्यवसायी र बजार भने अझै फर्किन सकेको छैन ।”

वरिष्ठ उपाध्यक्ष गौतम मधेस आन्दोलनपछि वीरगञ्ज केन्द्रित रहेका उद्योगधन्दा विस्तारै बारा र हेटौँडातर्फ विस्तारै सर्ने क्रम बढेको पनि गुनासो व्यक्त गर्नुहुन्छ । “वीरगञ्ज भन्सार कार्यालयबाट हुने सवारीसाधनको आयात पनि भैरहवा भन्सार कार्यालयतर्फ सरेको देखिन्छ,” उहाँले भन्नुभयो, “राजनीतिक स्थायित्व र उद्योगमैत्री वातावरणले पनि ठूलो अर्थ राख्ने रहेछ ।”

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्र ढुङ्गानाले कुल आयातमध्ये एक तिहाइभन्दा धेरै आयात वीरगञ्ज भन्सार कार्यालय हुने बताउनुहुन्छ । “कुल आयातमध्ये वीरगञ्जबाट हुने आयातको योगदान सन्तोषजनक नै देखिन्छ,” उहाँले भन्नुभयो, “कुन वस्तु तथा सामान कहाँबाट आयात गर्ने भन्ने कुरा नितान्त व्यापारी तथा व्यवसायीमा निर्भर हुने गर्छ ।” उहाँका अनुसार वीरगञ्ज भन्सार कार्यालय हुँदै मुख्यगरी पेट्रोलियम पदार्थ, औद्योगिक कच्चापदार्थ र सवारीसाधन आयात धेरै हुने गर्छ ।

भन्सार विभागको तथ्याङ्कअनुसार आव २०७३/७४ सालदेखि नै वीरगञ्जका दुवै भन्सार कार्यालयबाट हुने आयातमा उल्लेखनीय सुधार भएको देखिन्छ । सो आवमा रु नौ खर्ब ८४ अर्ब ३० करोड आयातमध्ये वीरगञ्ज भन्सार कार्यालयको योगदान ३४ दशमलव १२ प्रतिशत रह्‍यो भने सुक्खा बन्दरगाह कार्यालयको भने ११ दशमलव ७६ प्रतिशत रह्‍यो । सोही आवमा भैरहवा भन्सारको भने १८ दशमलव ५५ प्रतिशत रह्‍यो ।

यस्तै, आव २०७४/७५ मा पनि नेपालमा १२ खर्ब ४५ अर्ब १० करोड मूल्य पर्ने सामान आयात भएको देखिन्छ । यसमा वीरगञ्ज भन्सार र सुक्खा बन्दगाहको हिस्सा क्रमशः ३३ दशमलव ८९ र १० दशमलव ४९ प्रतिशत रह्‍यो । जसमा भैरहवा भन्सारको योगदान भने १७ दशमलव ९९ प्रतिशत थियो ।

विभागका अनुसार आव २०७५/७६ मा रु १४ खर्ब १८ अर्ब ५३ मूल्य पर्ने वस्तु तथा सामान विदेशी मुलुकबाट भित्रियो । जसमा वीरगञ्ज भन्सारको योगदान ३४ दशमलव ७३ प्रतिशत, भैरहवा भन्सारको योगदान १६ दशमलव ९२ र सुक्खा बन्दरगाहको योगदान भने १० दशमलव ९२ प्रतिशत रह्‍यो ।

विसं २०७६ चैतको पहिलो सातादेखि कोभिड- १९ को महामारी नियन्त्रण गर्न भन्दै गरिएको बन्दाबन्दीको कारणले पनि अघिल्लो वर्षको तुलनामा मुलुकभरिको समग्र आयातमा नै सङ्कुचन आयो । सो आवमा रु ११ खर्ब ९६ अर्ब ७९ करोड मूल्य बराबरका वस्तु तथा सामान नेपाल भित्रिएको थियो । कुल आयातमध्ये वीरगञ्ज भन्सार नाका हुँदै ३४ दशमलव ३७ प्रतिशत भयो । त्यस्तै, सुक्खा बन्दरगाह हुँदै भने १३ दशमलव ८४ प्रतिशत र भैरहवा हुँदै भने १६ दशमलव ६१ प्रतिशत आयात भएको देखिन्छ ।

कोभिड-१९ को महामारीको कारणले सङ्कुचित आयात आव २०७७/७८ मा भने उल्लेखनीय सुधार हुँदै रु १५ खर्ब ३९ अर्ब ८३ करोड ७० लाख ६८ हजार बराबरको वस्तु तथा सामान आयात भयो । कुल आयातमध्ये वीरगञ्ज भन्सार नाका हुँदै एक तिहाइ अर्थात् ३३ दशमलव २३ प्रतिशत रह्‍यो । सुक्खा बन्दरगाह हुँदै भने कुल आयातको १२ दशमलव ३० प्रतिशत र भैरहवा भन्सार नाकाबाट कुल आयातको १८ दशमलव २९ प्रतिशत आयात भएको देखिन्छ ।

कोभिड-१९ को असर र प्रभाव कम भएसँगै आव २०७८/७९ मा रु १९ खर्ब २० अर्ब ४४ करोड ८३ लाख ४९ हजार बराबरको आयात भयो । जसमा वीरगञ्ज भन्सार कार्यालय हुँदै ३६ दशमलव ७८ प्रतिशत अर्थात् रु सात खर्ब छ अर्ब ३८ करोड ७९ लाख ६७ हजार बराबरको आयात भयो । त्यस्तै, सुक्खा बन्दगाह हुँदै कुल आयातको ११ दशमलव ३५ प्रतिशत अर्थात् रु दुई खर्ब १७ अर्ब ९८ करोड ३४ लाख ३० हजारको आयात भयो । त्यस्तै, भैरहवा भन्सार कार्यालयबाट भने कुल आयातको १५ दशमलव ४० प्रतिशत अर्थात् रु दुई खर्ब ९५ अर्ब ६७ करोड १० लाख ५१ हजार बराबरको आयात भएको थियो ।

विभागको तथ्याङ्कअनुसार आव २०७९/८० मा रु १६ खर्ब ११ अर्ब ७३ करोड १७ लाख ७० हजार कुल आयात भएको थियो । कुल आयातमध्ये वीरगञ्ज भन्सार हुँदै ३६ दशमलव ८२ प्रतिशत भयो । त्यस्तै, सुक्खा बन्दरगाह भन्सार कार्यालय हुँदै कुल आयातको १२ दशमलव ५५ प्रतिशत र भैरहवा भन्सारबाट भने कुल आयातको १५ दशमलव १९ प्रतिशत आयात भएको देखिन्छ ।

नेपाल उद्योग वाणिज्य सङ्घ मधेस प्रदेशका अध्यक्ष कुमार टेमानीले कोभिड-१९ महामारीपछि सरकारले अँगालेको नीतिको कारणले अर्थतन्त्रमा ठूलो खालको समस्या निम्तिएकाले पनि उद्योग र व्यापार क्षेत्रको गुल्जार अझै नफर्किएको बताउनुभयो । “कोभिड-१९ पछि राष्ट्र बैङ्कले अघि सारेका नीतिकै कारणले अर्थतन्त्रमा निकै ठूला खालका समस्या ल्याउने काम गर्‍यो”, उहाँले भन्नुभयो, “जुन नीतिको कारणले उद्योगधन्दा अझैसम्म लयमा फर्किन सकेको छैन ।”

वीरगञ्ज वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष गौतम पनि कोभिड-१९ महामारी सकिएपछि पनि उद्योगधन्दा मुस्किलले ३० देखि ४० प्रतिशतको हाराहारीमा मात्रै चल्दै आएको गुनासो गर्नुहुन्छ । “कोभिड-१९ को महामारीपछि ठूला उद्योग ३० देखि ४० प्रतिशत मात्रै उत्पादन गर्दै आइरहेका छन्,” उहाँले भन्नुभयो, “उद्योग/कलकारखानालाई खर्च धान्न पनि समस्या हुँदै आइरहेको छ । कोभिड-१९ पछि बारा-पर्सामा नगण्य मात्रामा मात्रै उद्योगधन्दा थपिएका छन् ।”

## डाक्नेश्वरी नगरपालिका...

लगायतका ९ बुँदे माग राखि प्लेकार्ड सहित नगरपालिका विरुद्ध प्रदर्शन गरिएको नेपाली काँग्रेसका नगर सभापति नारायण यादवले बताए ।

नगरपालिकामा भएको भ्रष्टाचारबारे यही मागहरु राखेर २०८१ जेठ १ गते नै ज्ञापन-पत्र बुझाएको र पटक पटक वार्तामा बस्दा पनि कुनै निष्कर्ष ननिस्केपछि साउन १५ मा विभिन्न शिर्षकको अनियमितता बारे सूचना माग सहित प्रमुख प्रशासकीय अधिकृतलाई ज्ञापन-पत्र बुझाएको तर अहिले सम्म पनि वेवास्ता गरेको कारण आन्दोलनमा उत्रिनु परेको सभापति यादवको भनाई छ ।

उनले सत्ता र शक्तिको दुरुपयोग गर्दै नगरप्रमुख रामलखन मलाहले कोरोना नलागेका व्यक्तिहरुलाई पनि भुक्तानी दिएको आरोप समेत लगाए ।

प्रदर्शनमा सहभागि नेपाल विद्यार्थी संघ सप्तरीका सभापति राकेश ठाकुरले नगरपालिका भ्रष्टाचारमा डुवेको आरोप लगाए । उनले राजस्व सम्म चुहावट गर्ने अनि भागवण्डाको लागि संकल्प यात्राको नाटक गरेर धर्म समेतलाई बदनाम गर्ने जनप्रतिनिधिहरुलाई नैतिकताको आधारमा राजिनामा दिन माग गरे ।

नगरप्रमुख रामलखन मलाहले उनीहरुको माग क्रमिक रुपमा पुरा गरिरहेको दावी गरे । उनले आफ्नो गाडी नगरपालिकामा भाडामा दिएको बारे अस्विकार गर्दे वडा समितिको निर्णय अनुसार पाउने व्यक्तिहरुले कोरोनाको भुक्तानी दिएको बताए ।

यता नगर उपप्रमुख मिरा कुमारी यादवले नगरपालिका कार्यालयमा के भईरहेको छ सो बारे आफूलाई कुनै जानकारी नभएको प्रतिक्रिया दिईन् । सूचना उपलब्ध गराउने बारेमा नगरप्रमुख मलाह र प्रमुख प्रशासकीय अधिकृतले ७ दिनको समय त्यतिबेला दिएको बारे आफूलाई थाहा भएको तर, कार्यालयको गतिविधिबारे आफूसँग कुनै सरसल्लाह नहुने गरेकोले अनभिज्ञता प्रकट गरिन् ।

प्रमुख प्रशासकीय अधिकृत रामकिशुन यादवले नगरसभाका लागि किताव तयारी भईरहेको र सभापछि सूचना उपलब्ध गराउने बताए ।

नेपाली कांग्रेस डाक्नेश्वरीको अगुवाईमा भएको प्रदर्शनमा जिल्ला सदस्य सुरेन्द्र विमल यादव, प्रदेश महाधिवेशन प्रतिनिधि धर्मदेव यादव, नेकपा माओवादीका भूलाई राम र लोसपाका रुपेश कुमार साह लगायतको सहभागिता थियो ।

# 'रासस नेपाल भाषा समाचार सेवा' सुरु भएकामा स्वागत

काठमाडौँ, १ कात्तिक (रासस)।

नेपाल भाषा समुदाय र सम्बद्ध विभिन्न सङ्घसङ्गठनले राष्ट्रिय समाचार समितिबाट 'नेपाल भाषा समाचार सेवा' आरम्भ भएकामा खुसी व्यक्त गर्दै स्वागत गरेका छन्।

नेवा देय् दबु, नेपाल भाषा एकेडेमी, काठमाडौँ महानगरपालिका, भाषा आयोग, विराट् नेपाल भाषा सम्मेलन, न्हूदँ समारोह समिति, मङ्का खलःका प्रतिनिधि, सञ्चारकर्मी, पूर्वमन्त्री तथा भाषिक आन्दोलनका अगुवाले रासस कार्यालयमा उपस्थित भएर यसको निरन्तरताका लागि सहयोग र समर्थन गर्ने प्रतिबद्धता व्यक्त गरे।

उनीहरूले रासस मातृभाषा सेवा सुरु गर्न पहलकदमी लिने रासस व्यवस्थापन, कर्मचारी र सरकारलाई धन्यवाद पनि दिँदै राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा र महाप्रबन्धक सिद्धराज राईलाई खादा ओढाएर सम्मान गर्नुभयो। राससले गत वर्ष पुस २३ मा नेपालगन्ज उपमहानगरपालिकाका सहयोगमा मातृभाषा 'अवधी' तथा गत असोज २९ गते 'मैथिली' र 'नेपाल भाषा' सेवा सुरु गरिसकेको छ। रासस 'मैथिली' र 'नेपाल भाषा' समाचार सेवाको विधिवत् उद्घाटन भने सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङबाट यही कात्तिक ४ गते अपराह्न हुँदै छ।

सो अवसरमा नेपाली काँग्रेसका नेता एवं पूर्वमन्त्री भीमसेनदास प्रधानले समावेशी नेपाल निर्माण गर्न राज्यले सबै समुदायका भाषा, संस्कृति आदि पक्षलाई समेट्नुपर्नेमा जोड दिनुभयो। पूर्वराज्यमन्त्री दिलीप महर्जनले राससबाट नेपाल भाषा समाचार सुरु हुनु एकदमै खुसीको कुरा भएको बताउँदै यसलाई उत्कृष्ट बनाउन सबैले सहयोग र मेहनत गर्नुपर्छ भन्नुभयो।

राससका पूर्वअध्यक्ष तथा महाप्रबन्धक मल्ल के सुन्दरले राससले नेपाल भाषा समुदायको भावनाको प्रतिनिधित्व गरेकामा खुसी व्यक्त गर्दै यसको स्थायित्व, निरन्तरता, गुणस्तरीयता र विकासका लागि कामना गर्नुभयो। भाषा आन्दोलनका अगुवा मल्लले भन्नुभयो, "रासस मातृभाषा समाचार सेवाको प्रचारप्रसार गर्न र यसको बजारीकरणका लागि हामी पनि टेवा दिन्छौँ। नेपाल भाषाको हिज्जे र व्याकरणगत शुद्धाशुद्धिका लागि रासस नै दृष्टान्त, मानक र नमुना बन्नुपर्छ। यसका आफ्नै विसर्ग, प्रत्यय, हलन्त, संयुक्त वाक्य प्रयोगका नियम छन्। राससको जनशक्तिलाई विशेषज्ञबाट अभिमुखीकरण गराउनु जाती होला। नेवारी संस्कृतिबारे भने नेपाल भाषा एकेडेमीबाट प्रकाशित ज्ञानकोशलाई पनि सन्दर्भ सामग्रीका रूपमा लिन सकिन्छ।"

'नेवाः अनलाइन न्युज' का प्रकाशक/सम्पादक सुजीव बज्राचार्यले रासस नेपाल भाषा प्रयोग गर्ने सबै सेवाग्राही अनलाइन, पत्रपत्रिका, टेलिभिजन र रेडियोसँग अन्तरक्रिया गर्न तथा समाचारको 'डेटलाइन' मा नेवाः समुदायले प्रयोग गर्ने महिना र तिथि पनि समावेश गर्न सुझाव दिनुभयो।

कार्यक्रममा काठमाडौँ महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले रासस नेपाल भाषा समाचार सेवाको निरन्तरताका लागि कामपाबाट सहयोग गरिने वचनबद्धता व्यक्त गर्नुभयो।

सहभागी भाषा आयोगका सदस्य सुरेश किरण, नेवा देय् दबुका अध्यक्ष पवित्र बज्राचार्य तथा भाषा आन्दोलनकर्मी डा पुष्पराज राजकर्णिकार, प्रा डा नरेशमान बज्राचार्य, महेन्द्रगोपाल कर्माचार्य, ज्ञानराम श्रेष्ठ, उमेश स्थापितलगायतले काठमाडौँ उपत्यका र अन्य जिल्लामा हुने भाषिक, साहित्यिक एवं सांस्कृतिक गतिविधि रासस समाचारका रूपमा दैनिक समेट्न सुझाव दिनुभयो।

प्रत्युत्तरमा राससका अध्यक्ष झाले राससले मातृभाषा सेवा सुरु गर्न दुई वर्षदेखि गृहकार्य गरेको र सरकारबाट तीन भाषाका लागि चालु आवमा रु २४ लाख विनियोजन गरेको जानकारी दिँदै यसको दिगोपनाका लागि मातृभाषा समाचार कोष खडा गर्न आह्वान गर्नुभयो। उहाँले स्थानीय तहबाट अनुदान आएमा मातृभाषा सेवालाई निरन्तरता दिन सकिने विश्वास पनि व्यक्त गर्नुभयो। उहाँका अनुसार तीनै भाषाका समाचार निःशुल्क दिइने र बढीभन्दा बढी मिडियामा सेवा पुऱ्याउन प्रयत्न गरिने छ।

राससका महाप्रबन्धक राईले बढीभन्दा बढी समुदायसँग राससलाई जोड्न प्रयत्न गरिने जनाउँदै मातृभाषी समुदायसँग पनि नियमित अन्तरक्रिया गरिने कार्यक्रम संस्थाको रहेको बताउनुभयो। रासस मैथिली र नेपाल भाषा समाचार सेवा वर्तमान सरकारको सयदिने र तिनमहिने कार्यक्रममा पनि समाविष्ट छ। राससले गत भदौ १७ गतेदेखि २४ घन्टाको सेवा पनि दिन थालेको छ।

# सन्तान छाडेर श्रम गर्न विदेसिँदै आमाहरु

काठमाडौँ, १ कात्तिक (रासस)।

दसैँको पूर्वसन्ध्यामा सात वर्षीय छोरा माइत छाडेर झापाकी रुपा गिरी मलेसिया उड्नुभयो। मलेसिया जान लाग्नुभएकी गिरीले भावुक हुँदै भन्नुभयो, "घर चलाउन, घरै छाड्नुपऱ्यो।" घरको आर्थिक स्थिति सुधार्न विदेसिन लागेको उहाँको भनाइ थियो।

कक्षा ११ को पढाई बीचैमा छाडेर गिरीले बिहे गरेको केही वर्षमा छोरा जन्मियो। कलाकारिता पेसामा आबद्ध श्रीमान्को कमाइले परिवार चलाउन सक्नुभएन। छोरो स्कुल पठाउन थालेपछि पठनपाठन शुल्क तिर्न र पालनपोषण गर्नसमेत हम्मेहम्मे भयो। उहाँले ऋण गरेर स्वदेशमै व्यापार गर्नेबारे पनि नसोच्नुभएको होइन तर लगानी गर्ने आँट नभएपछि विदेसिन बाध्य भएको बताउनुभयो। "सन्तान छाडेर विदेसिने कुन आमालाई खुसी मिल्छ होला र", उहाँले भन्नुभयो, "मुटुमा ढुङ्गा राखेर जान लागेकी छु। राम्रै कम्पनी परे त ठिकै हो। नभए के गर्ने थाहा छैन।" गिरीसँगै कामदारका रुपमा विदेश जान आठ महिला तयार हुनुहुन्थ्यो। ती सबै आमाहरु थिए। त्यही लहरमा भेटिनुभएकी झापाकै ३४ वर्षीया सरस्वती तामाङको अनुहार मलिन देखिन्थ्यो। आफ्नै नाम भन्न लजाउने तामाङले समुन्द्रपारिको मुलुकमा कसरी काम गर्नुहन्छ ? भन्ने प्रश्नको जवाफ छोटोमा दिनुभयो, "जे त होला।" तामाङले ५ कक्षासम्म मात्रै पढ्नुभएको छ। सानैमा बिहे भयो। १० वर्षकी छोरी छोडेर विदेसिनु कुनै महत्वाकाङ्क्षा नरहेको उहाँको भनाइ छ। "यो मेरो बाध्यता हो", उहाँ भन्नुहुन्छ, "छोरी हुर्किदै छे, उसलाई मेरो जरुरी पर्छ तर गरिबीले विदेसिने बनायो।" तामाङका श्रीमान् सवारी चालक हुनुहुन्छ। सुकुम्बासी बस्तीमा बस्ने उहाँहरुको जग्गा जमिन छैन। घर चलाउन श्रीमान्लाई विदेश पठाउने तयारी गरे पनि स्वास्थ्य परीक्षण गर्दा छातिमा दाग देखिएपछि उहाँले आफैं विदेसिने निधो गर्नुभएको हो। "नेपालको कमाइले पुग्दैन। महँगी छ। त्यसैले विदेसिनुको विकल्प देखिँन", उहाँले भन्नुभयो।

स्याङजाकी धनु घले दुई छोराछोरीकी आमा हुनुहुन्छ। श्रीमान्ले काम नगर्ने, जाँड रक्सी खाएर कुटपिट गर्ने गरेपछि उहाँले 'फुटपाथ'मा साग बेचेर जीविकोपार्जन गर्दै आउनुभएको थियो। छोराछोरी पढाउन र हुर्काउन गाह्रो भयो। श्रीमान्लाई फकाएर मलेसिया पठाउनुभयो। विदेश गएका श्रीमान्ले खर्च पठाउने आशामा पाँच वर्ष बित्यो तर श्रीमान्ले न त पैसा पठाउनुभयो न त फोन सम्पर्क नै। हातमुख जोर्न मुस्किल भएपछि ४२ वर्षीया घलेले छोराछोरीलाई छात्रवासमा राखेर दुबई जान लागेको बताउनुभयो। "विदेश गएको श्रीमान्ले एक सुको पठाएन, वास्तै गरेन", उहाँले भन्नुभयो, "छोराछोरी पाल्ने कोही नभएपछि उनीहरुकै भविष्यका लागि विदसिन लागेकी हुँ।"

वैदेशिक रोजगार विभागको सन् २०२२ को तथ्याङ्कमा वैदेशिक रोजगारमा जाने महिलाको उमेर समूहमा २४ देखि ३४ वर्षका ५२ दशमलव तीन प्रतिशत, १८ देखि २४ उमेरका ३२ दशमलव तीन प्रतिशत र ३५ देखि ४४ वर्ष उमेरका १४ दशमलव छ प्रतिशत र ४५ देखि माथिका शून्य दशमलव आठ प्रतिशत उल्लेख छ।

विभागकाअनुसार बर्सेनी ६० हजार हाराहारीको सङ्ख्यामा महिला वैदेशिक रोजगारीमा जाने गरेका छन्। आर्थिक वर्ष २०७८/०७९ मा ४९ हजार महिला वैदेशिक रोजगारीमा गएका थिए। आर्थिक वर्ष २०७९/०८० मा ७२ हजार महिला श्रम गर्न विदेश गए। आर्थिक वर्ष २०८०/८१ मा भने वैदेशिक रोजगारीमा जाने महिलाको सङ्ख्या वृद्धि भई ८० हजार पुगेको छ।

वैदेशिक रोजगार बोर्डका प्रवक्ता टिकाराम ढकालले तुलनात्मक रुपमा पुरुषभन्दा महिला कमै विदेश जाने गरेको देखिए पनि पछिल्लो तथ्याङ्कले रोजगारका लागि विदेश जानेक्रम बढ्दो अवस्थामा रहेको बताउनुभयो। उहाँका अनुसार खाडी मुलुक जाने महिलाको सङ्ख्यामा क्रमशः वृद्धि भइरहेको छ। "अधिकांश महिला साउदी, मलेसिया, कुवेत, कतार, युएइलगायत खाडी मुलुकमा रोजगारका लागि जानुहुन्छ", प्रवक्ता ढकालले भन्नुभयो, "त्यसमा पनि श्रम स्वीकृति नलिइ लुकेर जानेहरुको तथ्याङ्क पाउन मुस्किल छ।"

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य लिली थापाले वैदेशिक रोजगारमा आमा जान बाध्य हुँदा परिवारमा नकारात्मक असर परेको बताउनुहुन्छ। आयोगले एक वर्षअघि गरेको तथ्याङ्कको विश्लेषण गर्दै भन्नुभयो, "आमा नहुँदा घर परिवार लथालिङ्ग भएको छ।" राज्यले स्वदेशमै रोजगारीको सुनिश्चितता नगर्दा नागरिकको सास्ती खेप्नुपरेको उहाँको भनाइ छ।

पौरखी नेपालका पूर्वअध्यक्ष मञ्जु गुरुङका अनुसार आमाहरु परिवार पाल्न विदेसिनुमा सामाजिक, आर्थिक, राजनीतिक पक्षहरु मुख्य छन्। संस्थाले विदेश जानुअघि परामर्श दिने, सकेसम्म स्वदेशमै बस्न उत्साहित गर्ने र नभएमा विदेश जाँदा अपनाउनुपर्ने सचेतताबारे परामर्श दिँदै आएको उहाँले बताउनुभयो। बितेका १५ वर्षमा पाँच हजार बढी वैदेशिक रोजगारीमा अलपत्र महिलाको उद्धार गरिएको उहाँले जानकारी दिनुभयो। "नेपाली समाजमा महिलाले थुप्रै विभेद सहन बाध्य छन्", उहाँ भन्नुहुन्छ, "जसले गर्दा घर छोडेर कमाउन विदेसिएका छन्।" आमाहरुलाई स्वदेशमै टिकाउन राज्यले उद्यमशील निती ल्याउन जरुरी रहेको उहाँको सुझाव छ।

## विश्व समाचार

### भारतमा विषाक्त मदिरा सेवन गर्दा २० जनाको मृत्यु

सिवान, विहार, १ कात्तिक (रासस/एएनआई)।

भारतको उत्तरी राज्य बिहारमा विषाक्त मदीरा सेवन गर्दा कम्तीमा २० जनाको मृत्यु भएको छ। बिहारको सिवान जिल्लाका एसपी अमितेश कुमारले बिहीबार दिएको जानकारीअनुसार विषाक्त रक्सी पिउँदा २० जनाको ज्यान गएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। चाप्राका प्रहरी अधिकारी कुमार आशिषले घटनाको थप अनुसन्धानका लागि विशेष अनुसन्धान टोली गठन गरिएको बताउनुभएको छ। उहाँका अनुसार घटनासँग जोडिएका तीन जनालाई पक्राउ गरिएको छभने आठ जनाविरुद्ध जायरी दर्ता गरिएको छ।

मृतकमध्ये एक जनाका आफन्तले अक्टोबर १५ मा विषाक्त मदिरा पिएपछि उहाँका आफन्तको स्वास्थ्य बिग्रिएको बताएका छन्। बिरामीले अक्टोबर १५ मा विषाक्त मदिरा पिएपछि बुधबार साँझ उनीहरूको स्वास्थ्यमा समस्या आएको र अस्पताल ल्याइएको अर्का एक बिरामीका आफन्तले बताए।

### बङ्गलादेशकी पूर्वप्रधानमन्त्री हसिनाविरुद्ध पक्राउ पुर्जी जारी

ढाका, १ कात्तिक (रासस/एएफपी)।

बङ्गलादेशको एक अदालतले निर्वासित पूर्वप्रधानमन्त्री शेख हसिनालाई पक्राउ पुर्जी जारी गरेको छ। अदालतले हसिनाको आवामी लिग पार्टीका पूर्व महासचिव ओबैदुल कादिर र अन्य ४४ जनाविरुद्ध पनि पक्राउ पुर्जी जारी गरेको छ। विद्यार्थी समूहको नेतृत्वको आन्दोलनको उत्कर्षमा हसिना गत अगस्टमा भारत पलायन हुनुभएको थियो। उहाँको नेतृत्वको सरकारविरुद्धको विद्रोहमा ज्यान गुमाएका सयौँमध्ये एकका आफन्तले आफूहरु मुद्दाको सुनुवाइको प्रतीक्षामा रहेको बताएका छन्। हसिनाविरुद्धको मुद्दाको पक्षमा बहस तथा पैरवी गरिरहेका अभियोजक मोहम्मद ताजुल इस्लामले हसिना पदच्युत भएको दिनलाई 'उल्लेखनीय दिन' का रूपमा उल्लेख गर्नुभयो।

हसिनाको १५ वर्षे शासनकालमा व्यापक रूपमा मानव अधिकार उल्लङ्घन, राजनीतिक विरोधीहरूलाई सामूहिक हिरासतमा राख्ने र गैरन्यायिक हत्याहरू गर्नेजस्ता काम भएको आरोप हसिना प्रशासनलाई लागेको छ। बङ्गलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरण (आईसीटी) का मुख्य अभियोजक इस्लामले पूर्व प्रधानमन्त्री शेख हसिनालाई पक्राउ गर्न र नोभेम्बर १८ मा अदालतमा पेश गर्न अदालतले आदेश दिएको बताउनुभयो।

जुलाईदेखि अगस्टसम्म नरसंहार, हत्या र मानवताविरुद्धको अपराध गर्नेहरूको नेतृत्व तत्कालिन प्रशासन र यसको कार्यकारी प्रधानमन्त्री हसिनाले गरेका र उहाँसहित अन्य अभियुक्तलाई पक्राउ गरी अनुसन्धान गर्न आवश्यक भएकाले पक्राउ पुर्जी जारी गरिएको इस्लामले बताउनुभयो। हसीनाको शासन ढलेपछि उहाँका दर्जनौं सहयोगीलाई हिरासतमा लिइएको थियो र उहाँलाई सत्ताच्युत गर्ने आन्दोलनका क्रममा ७०० भन्दा बढी व्यक्तिको ज्यान जाने गरी भएको प्रहरी कारबाहीका लागि दोषी ठहर गरिएको थियो।

पूर्वमन्त्रीहरू र उहाँको अवामी लिग पार्टीका अन्य वरिष्ठ सदस्यहरूलाई गिरफ्तार गरिएको छ, र उहाँको सरकारद्वारा गरिएका राजनीतिक नियुक्ति, र अदालत र केन्द्रीय बैङ्कका केही अधिकारी समेतलाई जिम्मेवारीबाट हटाइएको छ। बङ्गलादेशबाट हेलिकप्टरबाट भागेपछि हसिना सार्वजनिक रुपमा देखिनुभएको छैन। भारतको राजधानी नयाँ दिल्ली नजिकै रहेको सैन्य एयरबेसमा ७७ वर्षीय हसिना अन्तिम पटक देखापर्नुभएको थियो।

हसिनाको पूर्व सबैभन्दा ठूलो हितैषी भारतमा उहाँको बसाइ र त्यहाँबाट हुने राजनीतिक गतिविधिले बङ्गलादेशको नयाँ अन्तरिम सरकारलाई क्रोधित बनाएको छ। ढाकाले उहाँको कूटनीतिक राहदानी रद्द गरेको छ। दुई देशबीच द्विपक्षीय सुपुर्दगी सन्धि छ जसले उहाँलाई आपराधिक मुद्दाको सामना गर्न अनुमति दिनेछ्छा तर, सन्धिको एउटा धारामा भने 'राजनीतिक चरित्र'को अपराध भएमा सुपुर्दगी अस्वीकार गर्न सकिने उल्लेख छ। अदालतमा मुद्दा दायर गर्नेहरूमा हसीनाविरुद्धको प्रदर्शनका क्रममा गत जुलाईमा मारिएका चिकित्सक सजिब सरकारका परिवारका सदस्यहरू पनि रहेका छन्।

"हामी चाहन्छौं कि सरकारले पूर्व प्रधानमन्त्रीलाई जतिसक्दो चाँडो फिर्ता ल्याउन पहल गरोस् र उहाँलाई जवाफदेही बनाओस्", सजिबकी बहिनी सुमैया सरकारले एएफपीसँग भन्नुभयो, "हामी निष्पक्ष सुनुवाईको प्रतीक्षामा छौँ।" यो मुद्दा सन् १९७१ मा पाकिस्तानबाट स्वतन्त्रता सङ्ग्रामका क्रममा भएका ज्यादतीको छानबिन गर्न सन् २०१० मा गठन भएको हसिनाको सरकारले सन् २०१० मा स्थापना गरेको युद्ध अपराधसम्बन्धी अदालतमा दर्ता भएको छ।

संयुक्त राष्ट्रसङ्घ र अधिकारवादी समूहहरूले यसको प्रक्रियागत कमजोरीहरूको आलोचना गरेका छन् र यसलाई हसिनाका लागि राजनीतिक विरोधीहरूलाई हटाउने माध्यमको रूपमा व्यापक रूपमा हेरिएको थियो। हसिनामाथि प्रदर्शनकारीको 'सामूहिक हत्या'को योजना बनाएको आरोप लगाउँदै अदालतले अनुसन्धान गरिरहेको छ। हसिनाको पलायनसँगै नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसलाई अन्तरिम सरकारको जिम्मेवारी सुम्पिएको छ।

बङ्गलादेशमा माइक्रोफाइनान्स क्षेत्रमा अग्रगामी परिवर्तनको नेतृत्व गरेका ८४ वर्षीय युनुसले प्रजातान्त्रिक संस्थाहरूको पुनर्स्थापनाको 'अत्यन्त कठिन' चुनौतीको सामना गर्न अस्थायी प्रशासनको नेतृत्व गरिरहनुभएको छ। युनुसले आफूले सार्वजनिक प्रशासन र न्यायको 'पूर्णतया भत्किएको' प्रणाली विरासतमा पाएको र भविष्यमा निरंकुशतातर्फ फर्कन नदिन व्यापक सुधार आवश्यक रहेको बताउनुभएको छ।

# मुख्यमन्त्री सिंहद्वारा मैथिली विकास कोषको निर्माणाधीन भवनको निरीक्षण



**दैनिक समाचारदाता**
**जनकपुरधाम, १ कात्तिक ।**
मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुरस्थित मैथिली विकास कोषको निर्माणाधीन भवनको बिहीबार निरीक्षण गरेका छन् ।

प्रदेश सरकारको सात करोड लगानीमा पाँच कट्ठा क्षेत्रफलमा निर्माणाधीन भवनमा सांस्कृतिक संग्राहलय, पुस्तकालय, मिथिला लोकचित्रकला प्रशिक्षण केन्द्र, कला प्रदर्शनी कक्ष, श्रव्यदृश्य कार्यसम्पादन कक्ष, सेमिनार हललगायत रहने जनाइएको छ ।

कोषले दुई वर्षको अन्तरमा जनकपुर साहित्य महोत्सव तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सवको आयोजना गर्दै आएको छ । कोषले गत तीन वर्षयता मासिक कथा एवं कवि गोष्ठी आयोजना गरिरहेको छ । मैथिली भाषा एवं साहित्यसँग सम्बन्धित १० भन्दा बढी पुस्तक प्रकाशन गरिसकेको कोषले ५१-५१ हजार राशिको पुरस्कारसमेत स्थापना गरेको छ ।

निरीक्षणका क्रममा निर्माणाधीन भवनस्थल जनकपुरधाम उपमहानगरपालिका–८ स्थित बलवाटोल पुगेका मुख्यमन्त्री सिंहसँगै कोषका अध्यक्ष जीवनाथ चौधरी, मधेस प्रदेशसभा सदस्य रामसरोज यादव, नेपाली कांग्रेस धनुषाका उपसभापति गणेश झा, प्रमोद चौधरीलगायत सहभागी थिए ।

# तीन दल बैठकः शान्तिप्रक्रियाको काम तत्काल अघि बढाउने

काठमाडौं, १ कात्तिक (रासस) ।
प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीसहित तीन दलका शीर्षनेताको बैठकमा शान्ति प्रक्रियाको थप कामलाई अघि बढाउने विषयमा छलफल भएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा बिहीबार बसेको बैठकमा शान्ति प्रक्रियाको बाँकी काम टुङ्ग्याउने विषयमा छलफल भएको, शान्ति प्रक्रियाको भावना र कानुनी प्रक्रियालाई बुझ्ने खालका व्यक्तिलाई पदाधिकारी बनाउनुपर्ने विषयमा छलफल भएको नेकपा (माओवादी केन्द्र) का उपमहासचिव शक्तिबहादुर बस्नेतले जानकारी दिनुभयो ।

"एक/दुई दिनभित्र सिफारिस समितिलाई पूर्णता दिने विषयमा छलफल भएको छ, सिफारिस समितिले पूर्णता पाएपछि आयोगमा पदाधिकारी सिफारिस हुन्छ", बैठकपछि उहाँले भन्नुभयो, "शान्ति प्रक्रियाको भावना र कानुनी प्रक्रियालाई बुझ्ने खालका व्यक्तिको आयोग बनोस् भन्ने सबैको चाहना छ तर कस्तो व्यक्ति पठाउने दुई आयोगमा भन्ने कुरा सिफारिस समितिले गर्नेछ ।"

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गर्न अघिल्लो सरकारले सिफारिस समिति बनाएको थियो । गत भदौ १३ गते राष्ट्रपतिबाट दुवै आयोगसम्बन्धी कानुनलाई संशोधन गर्ने विधेयक प्रमाणीकरण भएको थियो ।

बैठकमा प्रधानमन्त्री ओली, नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', गृहमन्त्री रमेश लेखक, नेकपा (माओवादी केन्द्र) का उपमहासचिव बस्नेत र महान्यायाधिवक्ता रमेश वडाल सहभागी हुनुहुन्थ्यो ।

# मोटरसाइकलको आयात ७६ प्रतिशतले बढ्यो

पर्सा, १ कात्तिक (रासस) ।
वीरगञ्ज भन्सारबाट चालु आर्थिक वर्षको भदौ मसान्तसम्ममा ७६ दशमलव ८६ प्रतिशतले मोटरसाइकलको आयात बढेको छ ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार आव २०८०/८१ को भदौ महिनासम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा सात हजार एक सय २० वटा मोटरसाइकल आयात भएका हुन् ।

चालु आर्थिक वर्षको भदौ मसान्तसम्मको अवधिमा वीरगञ्ज नाकाबाट चारपाङ्ग्रे सवारीसाधनको आयातमा कमी आएको भए पनि दुई पाङ्ग्रे सवारीसाधनको आयात बढेको प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले बताउनुभयो ।

चालु आवको भदौ मसान्तसम्ममा रु दुई अर्ब सात करोड ८४ लाख २२ हजार मूल्य पर्ने १६ हजार तीन सय ८४ वटा मोटरसाइकल आयात भएका छन् । गत आर्थिक वर्षको भदौं मसान्तसम्मको अवधिमा भने एक अर्ब १३ करोड ५४ लाख ६४ हजार मूल्य पर्ने नौ हजार दुई सय ६४ वटा मोटरसाइकल आयात भएको थिए ।

आव २०८०/८१ को भदौ मसान्तसम्ममा २३ करोड ९० लाख चार हजार मूल्य पर्ने १२ लाख ६५ हजार छ सय २७ वटा मोटरसाइकल(मोपेडसहित)को पार्टपूर्जा आयात भएका थिए । चालु आर्थिक वर्षको सोही अवधिमा रु ३४ करोड १७ लाख २२ हजार मूल्य पर्ने १६ लाख ६१ हजार पाँच सय ३१ वटा मोटरसाइकल (मोपेडसहित)को पार्टपुर्जाहरु आयात भएको छ ।

# नेपाल वायुसेवा निगमद्वारा ६ अर्ब ३२ करोड ऋण भुक्तानी

काठमाडौं, १ कात्तिक (रासस) ।
नेपाल वायुसेवा निगमले हालसम्म विमानको छ अर्ब ३२ करोड ८५ लाख ९७ हजार पाँच सय ३३ ऋण भुक्तानी गरेको जनाएको छ ।

निगमले अन्तर्राष्ट्रिय उडानका लागि खरिद गरेका दुई 'न्यारोबडी' र दुई 'वाइडबडी' विमानका लागि कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट लिएको ऋण दायित्वमध्येको उक्त ऋण भुक्तानी गरेको विज्ञप्ति जारी गरी जनाएको हो । निगमले दुई न्यारोबडी जहाजको असोज महिनाको किस्ता पूरा र दुई वाइडबडी जहाजको आंशिक गरी गत असोज ३० गते मात्र रु ५३ करोड नौ लाख ५५ हजार दुई सय ८१ भुक्तानी गरेको निगमका प्रवक्ता रमेश पौडेलले जानकारी दिनुभयो ।

कोभिड–१९ का कारण निगमको व्यापारमा प्रतिकूल असर परेकाले सो अवधिको ब्याज, हर्जाना र पेनल छुट गरी सहयोग गरिदिन एवं किस्ताको सङ्ख्या वृद्धि गरी दायित्व भुक्तानीलाई सहजीकरण गरिदिनसमेत कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषलाई अनुरोध गरेको निगमद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक अर्ब ७४ करोड

काठमाडौं, १ कात्तिक (रासस) ।
प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक अर्ब ७४ करोड ४७ लाख २७ हजार ६३४ दाखिला भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार कोषमा दाखिला भएको सो रकम हिजो असोज ३० गतेसम्मको हो ।

कोषमा संस्थागत एवं व्यक्तिगत रूपमा पनि रकम दाखिला भएको छ । असोज ३० गते कोषमा विद्याधर मल्लिकसहित दश सङ्गठित संस्थाले रकम प्रदान गरेका छन् । साल्ट ट्रेडिङ कर्पोरेशनले रु ६१ लाख, गैरआवासीय नेपाली सङ्गठनले रु ५१ लाख तथा राष्ट्रिय समाचार समितिले रु तीन लाख २६ हजार ३८ राहत कोषमा दाखिला गरेका छन् ।

यसैगरी, कोषमा रकम जम्मा गर्ने अन्य संस्थामा नेपाल प्रहरी श्रीमती सङ्घ, नेपाल इन्स्युरेन्स कम्पनी र विद्युत् उत्पादन कम्पनीलगायत छन् ।

*आयोगद्वारा नेपाली...*

गराउन गृह मन्त्रालयलाई निर्देशन दिएको हो ।

जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणका आधारमा मतदाता नामावलीमा रहेको विवरणसँग भिडाई त्यस्तो नागरिकता त्याग गर्नेको नाम मतदाता नामावलीबाट हटाई नामावली अद्यावधिक गरिने आयोगले जनाएको छ ।


**राजविराज नगरपालिका**
**७ नं. वडा कार्यालय**
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या:-२०८१/०८२
च.नं. ३४३
मिति:- २०८१/०७/०१

## राजविराज नगरपालिका

**<u>०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना</u>**

जिल्ला ससरी राजविराज नगरपालिका वडा नं ०७ बस्ने सुबलाल साहको नाती भुनाई साह र डोमनी देवी साहको छोरा पलट साह को मिति २०७८/०४/३१ गते आफनै कालगतीले स्वर्गवास भएको हुनाले मृतक का एक मात्र पत्नी जगीया देवीले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरी भनी मिति २०८१।०७।०१ गते मा दं. नं. ३१५ मा निवेदन दिएको हुँदा सो जग्गामा निबेदीका बाहेक अरु कोही कसैको हक दाबी भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफनो सबुत प्रमाण सहित लिई यस वडा कार्यालयमा उजूरी दिन आउनु होला अन्यथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम भै जाने ब्यहोरा जानकारी गराईन्छ ।

**तपसिल**

स्व.पलट साह को नाउँमा दर्ता कायम रहेको जग्गाहरु

| सि.न | जिल्ला | गा.बि.स./न.पा. | वडा नं. | किता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सप्तरी | राजबिराज | ०६ | १०४८ | ०-०-६१/२ | |
| २ | सप्तरी | राजबिराज | ०६ | १०४९ | ०-०-१३१/२ | |
| ३ | सप्तरी | हरिहरपुर | १(ख) | ४२ | ०-८-१ | |
| ४ | सप्तरी | हरिहरपुर | २ (ख) | ३५४ | ०-०-१६ | |
| ५ | सप्तरी | सखुवा कचन्दहा | ६ (क) | ६९३ | ०-५-१५ | |

सुभाष चन्द्र यादव
वडा अध्यक्ष



# माइग्रेशन सर्टिफिकेट हराएको सूचना

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. १ वस्ने राजेश दासको +2 NEB Registration No. 773402418 र Symbol No 23400751 नं भएको National Examination Board Examination को माइग्रेशन सर्टिफिकेट २०८१ भदौ १५ गते राजविराज १ पडरियास्थित आफ्नो घरबाट राजविराज बजारतर्फ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न मोवाइलमा सम्पर्क गरि बुझाइदिनु हुन हार्दिक अनुरोध छ ।

**आग्रहकर्ता : राजेश दास**
**सम्पर्क नं : ९८४४७२२२९६**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*